नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

## प्रेस विज्ञप्ति

मिति २०७२।९।७

आज मिति २०७२ साल पौष ७ गते मंगलवार माननीय संघीय मामिला तथा स्थानीय विकास राज्य मन्त्री श्री कुन्ती कुमारी शाहीको अध्यक्षतामा आ.ब. २०७२/७३ को प्रथम चौमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक सम्पन्न भयो । उक्त बैठकमा राष्ट्रिय योजना आयोगका नि. सचिव पुष्प रत्न शाक्य, यस मन्त्रालयका सचिव श्री माधवप्रसाद रेग्मी, सह-सचिवहरु, विभाग, प्रतिष्ठान, आयोग, समिति, कार्यक्रम र आयोजनाका प्रमुखहरु लगायतका कर्मचारीहरुको उपस्थिति रहनुका साथै अर्थ मन्त्रालय, जिविस महासघं, नगरपालिका संघ, गाविस महासघं आमन्त्रित प्रतिनिधिहरु र संचारकर्मीहरुको समेत उपस्थित रहेको थियो ।

उक्त अवसरमा मन्त्रालयका उप सचिव श्री अमृत लम्सालले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय अन्तरगत सम्पादित कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७२/७३ को कुल बजेट ७७ अर्ब २३ करोड ९३ लाख विनियोजन भएकोमा रु. १० अर्ब ८१ करोड ६५ लाख खर्च भएको अर्थात विनियोजन रकमको १४ प्रतिशत खर्च भएको, जसध्ये पूँजीगत तर्फ ५.१६ प्रतिशत र चालु तर्फ १७.९३ प्रतिशत खर्च भएको विवरण प्रस्तुत गर्नुभयो । यसै क्रममा गत आर्थिक बर्षमा प्राप्त भएको उपलब्धि उल्लेख गर्दै ती कार्यक्रम तथा आयोजना कार्यान्वनमा देखा परेका समस्याहरु समेत प्रस्तुत गर्नु भयो । उक्त कार्यक्रममा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, केन्द्रीय पञ्जीकरण विभागका महानिर्देशकहरुले आ आफ्नो विभाग अन्तरगत संचालित कार्यक्रम तथा आयोजनाहरुको समग्र अवस्था समेत प्रस्तुत गर्नु भएको थियो ।

उक्त अवसरमा राष्ट्रिय योजना आयोगका नि. सचिवज्यूले पूँजीगत खर्चमा सुधार गर्न तदारुकताका साथ अघि बढ्नुपर्ने, आवश्यक भएमा कार्यक्रम संशोधन गर्ने, वित्तीय प्रगति र भौतिक प्रगतिको अवस्था मिल्नु पर्ने, कार्यान्वयनमा कुनै समस्या सृजना भए तत्काल समाधानका उपाय खोजिनुपर्ने, बजेट तथा वित्तीय व्यवस्थापनको क्षेत्रमा सम्बन्धित मन्त्रालय एवं निकायहरुसंग प्रभावकारी समन्वय गरिनुपर्ने आवश्यकता माथि प्रकाश पार्नु भयो ।

कार्यक्रमको समापनका अवसरमा मन्त्रालयका सचिवज्यूले बेरुजु फर्छ्योट कार्यलाई अझ प्रभावकारी बनाई बेरुजु नै नगर्ने गरी कार्यशैलीमा सुधार गरिनुपर्ने, घोषणा भएका नयाँ नगरपालिकाहरुको नीतिगत, संरचनागत र वित्तीय पक्षमा सवलीकरण गर्न मन्त्रालयले थप ध्यान केन्द्रीत गर्ने, गाविसहरुलाई उपयुक्त संरचना निर्माणका लागि मन्त्रालय क्रियाशील रहेको र आवश्यक जनशक्तिको व्यवस्था गन उच्च प्राथमिकता दिएको तथा समीक्षाका क्रममा सरोकारवाला निकाय तथा पक्षबाट उठाइएको सवालहरुमा उचित सम्वोधन गरिने बनाउदै समीक्षा बैठकका क्रममा क्रिशाशील हुनुहुने प्रस्तुतकर्ता, प्रश्नकर्ता र समीक्षाकर्ता सबै मानुभावहरुलाई धन्यावाद ज्ञापन गर्नु भयो ।

सो अवसरमा मानीय राज्य मन्त्रीज्यूले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको पूर्व तयारीका लागि यो बैठक महत्वपूर्ण भएको, संघीयतालाई नयाँ संविधानले आत्मसाथ गरेको, संघीयता अनुकूल कानूनको तर्जुमा र संस्थागत व्यवस्था तदारुकताकासाथ अगाडि बढाउने स्वायत्त शासन, संघीय संरचनाको कार्यान्वयनमा थप कार्य गर्नुपर्ने अवस्थामा मन्त्रालय विगतका दिनमा भन्दा थप क्रियाशील भईरहेको वताउनु भयो । वँहाले मन्त्रालय र अन्तरगतका निकायहरुले स्थानीय स्वायत्त शासन ऐनको मर्म र भावना अनुसार प्रभावकारी रुपमा जनतालाई सेवा प्रवाह गर्ने कार्य वातावरण मिलाउन निर्देशन दिनुहुँदै अन्त्यमा कार्यक्रम समापन गर्नु भएको थियो ।

2072/9/7

पूर्णचन्द्र भट्टराई
सहसचिव/प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाडौं